## परिचय:

विशाल भौतिक संरचना देखि स–सना भवन, पुल, बाटो, नाला जस्ता संरचनाहरुको निर्माण र मर्मतको लागि सिमेण्ट सबैभन्दा महत्वपूर्ण सामाग्री हो । यस्तो सामाग्रीको उत्पादन स्वदेश मै उपलब्ध कच्चा पदार्थहरुको अधिकतम प्रयोग गरी गर्न सके देश विकासको लागि कोशे ढुङ्गा सावित हुने सोचाईका साथ नेपाल सरकारको पूर्ण स्वामित्वमा वि.सं. २०३३ साल आश्विन १३ गते कूल रु. १ अरव ५८ करोड १२ लाख १८ हजारको लागतमा यस हेटौंडा सिमेण्ट उद्योग लिमिटेडको स्थापना भएको हो । यसले २०४२ साल आश्विन २२ गतेदेखि सिमेण्टको व्यवसायिक उत्पादन प्रारम्भ गरी निरन्तर रुपमा आफ्नो गुणस्तरीय उत्पादन उपभोक्ताहरु बीच पस्कदै आईरहेको छ ।





## उद्धेश्य:

क) उपयोगमा आउन नसकेका चुनढुङ्गा, रातोमाटो जस्ता स्वदेशी कच्चा पदार्थको सदुपयोग गर्नु ।

ख) रोजगारीको अभिबृद्धि गर्नु ।

ग) नव निर्माणको लागि सिमेण्ट जस्तो आधारभूत सामाग्रीको उत्पादनमा आत्मनिर्भर हुनु ।

घ) सिमेण्ट आयातमा यथासंभव कटौती गरी देशको सोधनान्तर स्थिति सुदृढ गर्नु ।

ङ) राजश्वमा बृद्धि गरी अर्थतन्त्रलाई मजबुद पार्नु ।

## गुणस्तरीय सिमेण्टको आवश्यकता किन?

मानिसलाई जन्मने वित्तिकै वासको आवश्यकता भएकै कारण सिमेण्ट मानव जीवनको अभिन्न अङ्ग बन्दै आईरहेको छ । हरेक मानिसमा एउटा राम्रो र बलियो घर बनाउने सपना हुन्छ त्यस्को पूर्णताको लागि गुणस्तरीय सिमेण्ट उस्को पहिलो प्राथमिकता हुन जान्छ । न्यून गुणस्तरको सिमेण्ट प्रयोगबाट उस्को जीवनभरको कमाई र सपना निश्फल हुन सक्ने हुँदा आफ्नो सपना साकार पार्नको लगि गुणस्तरीय सिमेण्टको आवश्यकता पहिलो शर्त हुन आउँदछ ।

## गुणस्तरीय सिमेण्ट भन्नाले के बुझिन्छ?

- सिमेण्टको भारवहन क्षमता उच्च रहेको ।
- सिमेण्टको मिहीनपना बढी भएको ।
- Free CaO, MgO, Sulphates, Alkalies न्यून भएको ।
- सामान्यतया जम्ने समय २ देखि ३ घण्टा रहेको।
- नेपाल गुणस्तर तथा नापतौल विभागले तोकेको मापदण्ड पुरा भएको ।

## हेटौंडा सिमेण्ट गुणस्तरीय कसरी ?

- नेपाल गुणस्तर तथा नापतौल विभागबाट “शक्ति” ब्राण्डको OPC सिमेण्टको गुणस्तर चिन्ह (NS/49-2041) प्राप्त गर्न सफल रहेको ।
- आफ्नै स्वामित्वमा प्रचुर मौज्दात र गुणस्तर सहितका चारवटा चुनढुङ्गा खानीहरु रहेको जस्ले गर्दा गुणस्तर

कायम गर्न प्रशस्त विकल्प रहेको ।

- अत्याधुनिक प्रयोगशाला र अनुभवि प्राविधिक (गुणबेत्ता)हरु रहेको ।
- नेपाल गुणस्तर तथा नापतौल विभागले तोकेको मापदण्ड पुरा गर्नुको अतिरिक्त जर्मन स्तरको मापदण्ड (DIN-1164 PZ 35F) अनुसार समेत नियमित गुणस्तर परीक्षण गर्ने गरिएको ।
- तोकिएको तौलमा नै उपलब्ध हुने गरेको ।
- उपरोक्तानुसार उल्लेखित बुँदाहरु उच्चतम् सावधानीका साथ कायम गरेको ।
- निरन्तर रुपमा उपभोक्ताहरुको रुचीलाई ध्यानमा राखी एकनासको गुणस्तरीय उत्पादन दिन सफल रहेको ।

## सिमेण्ट प्रयोग गर्दा के कुरामा ध्यान दिने ?

- नेपाल गुणस्तर चिन्ह प्राप्त गरेको तथा निर्धारित परिमाणमा छ, छैन ।
- डल्ला वा गिर्खा भए, नभएको ।
- जलवास्प रहित भए, नभएको ।
- गिट्टी, बालुवा, पानी उपयुक्त भए नभएको।
- सिमेण्ट उपयोग पश्चात नियमित भिजाउने (Curing) व्यवस्था बारे ।
- दक्ष प्राविधिक सहयोग रहे, नरहेको ।

माघ ०९, २०७०

**हेटौंडा सिमेण्ट गुणस्तरमा उच्च, एक पटकको प्रयोग पुस्तौंपुस्ता ढुक्क ।**



## उपभोक्ताको पहिलो रोजाई हेटौंडा सिमेण्ट नै किन ?

- सर्वाधिक गुणस्तरयुक्त रहेको ।
- प्राविधिक र उपयोगको दृष्टिले साह्रै उपयुक्त रहेको ।
- नेपाल सरकारको पूर्ण स्वामित्वमा संचालित रहेको ।
- मकवानपुर जिल्लाभरि सिमेण्टको सहज उपलब्धताको लागि पहेलो बोरामा र अन्य क्षेत्रको लागि सेतो बोरामा प्याक गरी बिक्री वितरण गर्ने गरिएको ।
- सामाजिक उत्तरदायित्व स्वरुप हेटौंडा नगरपालिका र गाविसहरुमा विभिन्न सामाजिक संघ संस्था मार्फत उल्लेख्य सहयोग पुर्‍याएको ।

सिमेण्ट खरिद तथा अन्य थप जानकारीको लागि सम्पर्क:

बिक्री तथा बजार व्यवस्था विभाग
**हेटौंडा सिमेण्ट उद्योग लिमिटेड**
फोन: ०५७-४१२५९५, इमेल: sales@hetaudacement.org.np

नेपालकै पहिलो नेपाल गुणस्तर चिन्ह प्राप्त हेटौंडा सिमेण्ट "शक्ति"



# हेटौंडा सिमेण्ट उद्योग लि०

(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)
केन्द्रीय कार्यालय, लामसुरे, हेटौंडा
फोन: ४१२५९५, ४१२१२४, फ्याक्स: ०५७-४१३०२३
इमेल: info@hetaudacement.org.np
शाखा कार्यालय: अनामनगर, काठमाण्डौ
फोन: ०१-४२६५०९९

www.hetaudacement.org.np

design: bikash 9845021413